तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
तुलसीपुर, दाङ

प.सं.: २०८३/०८४
च.नं.

मिति: २०८३/०६/०५
नेपाल संवत ११४६ जंलाथ्व दशमी

## पशुपालक कृषकहरुलाई लागत साझेदारीमा यान्त्रिकरण कर्यक्रम सम्बन्धि सूचना !

### प्रथम पटक सुचनाको प्रकाशन मिति २०८३/०६/०५

श्री तुलसीपुर उपमहानगरपालीका भित्रका ब्यावसायीक तथा अन्य पशुपालक कृषकहरु

तुलसीपुर उपमहानगरपालिका पशु सेवा शाखाको आ.व २०८३/०८४ को स्विकृत बार्षिक कार्यक्रममा पशुपालक कृषकहरुलाई लागत साझेदारीमा यान्त्रिकरण कर्यक्रम रहेको र सो कार्यक्रममा लागत साझेदारीमा बिद्युतिय चाराकाट्ने मेसीन ( Electric Chaff Cutter) र दान पिस्ने मेसीन (Feed Grinding Machine ) बितरण गर्ने कार्यक्रम भएको हुदा तुलसीपुर उपमहानगरपालिका भित्रका ब्यावसायीक पशुपन्छीपालक कृषक तथा अन्य कृषकहरुले आफ्नो आवश्यक्ता अनुसार माथी उल्लेखित दुई मध्य कुनै एकको माग गरी सूचना प्रकाशन भएको मितिले १४ (चौध) दिन मिति २०८३/०६/१९ गते भित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित आवेदन पेस गर्नुहुन अनुरोधछ ।

.............................
डा. मनोज ओली
बरिष्ठ पशु चिकित्सक

आवश्यक कागजातहरु:

१. अनुसुचि-२ को ढाँचामा प्रस्ताब ।
२. अनुसुचि-३ को ढाँचामा संक्षिप्त कार्य योजना ।
३. फर्मदर्ता प्रमाण पत्रको प्रतिलिपी/समुह समितिको लागि निर्णय प्रतिलिपी ।
४. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी । (कृषक/समुह समितिको लागि अनिबार्य नहुने)
५. करचुक्ता प्रमाण पत्रको प्रतिलिपी । (कृषक समुह/समितिको लागि अनिबार्य नहुने)
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. नागरिकताको प्रतिलिपी ।
८. प्रस्ताबकले सोहि प्रकृतिको कार्यक्रममा बिगत३(तिन)बर्ष भित्र कुनै पनि अनुदान नपाएको स्व:घोषणा पत्र पेस गर्नु पर्नेछ ।

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## पशु सेवा शाखा

तुलसीपुर, दाङ

प.सं.: २०८३/०८४
च.नं.

मिति: २०८३/०६/०५
नेपाल संवत ११४६ जंलाथ्व दशमी

**यान्त्रिकरण कर्यक्रम अन्तर्गत परेका आवेदनहरुको छनौटका आधारहरु निम्न अनुसार रहनेछन:**

| क.स. | मुल्याङ्कनका आधारहरु | अंकभार | प्राप्ताङ्क (अंक तथा अक्षर दुबैमा) | कैफियत |
|---|---|---|---|---|
| १ | फर्म वा उद्योग सरकारी निकायमा दर्ता नबिकरण भए नभएको | १० | | भएकाहरुले पुरा अंक प्राप्त गर्नेछन भने नभएकाहरुले यो अंक प्राप्त गर्न सक्ने छैनन । |
| २ | दुधालु पशु वा अन्य जनाबरहरु | २० देखी ३० | | कम्तिमा २ वटा दुधालु गाई वा भैसी हुनु पर्ने र सो भन्दा बढी भएमा पुरा अंकभार प्राप्त नहुदा सम्म प्रति दुधालु पशुको ५ (पाँच) अंक थप गर्ने । बाखाको हकमा कम्तिमा १५(पन्ध्र) जिउ बाखा (भाले वा पोथी तर बयस्क) हुनु पर्ने र सो भन्दा बढी भएमा पुरा अंकभार प्राप्त नहुदा सम्म प्रति बाखाको २ (दुई) अंक थप गर्ने र बंगुरको हकमा कम्तिमा ५ जिउ बयस्क भाले वा पोथी वा दुबै बंगुर हुनु पर्ने छ बंगुरपालक कृषकलाई दाना पिस्ने मेसिनमा मात्र प्रतिसपर्धि बानईने छ ।माछा पालक कृषकको हकमा निजले कम्तिमा २ कट्ठा क्षेत्रफलको पोखरीमा माछापालन गरिराखेको हुनु पर्ने छ भने थप १ कट्ठा क्षेत्रफल बराबर ५ (पाँच)अंक प्रदान गरिने छ । |
| ३ | घाँस खेती गरेको | १० देखी २० | | कम्तीमा १ कट्ठामा घाँस खेती गरेकोले १० अंक प्राप्त गर्नेछ भने अंकभार पुरा नहुदासम्म प्रतेक १ कट्ठाको थप ५ अंक प्राप्त गर्नेछ । यो माछापालनको हकमा लागु हुने छैन । |
| ४ | महिला/दलित, द्धन्द पिडित, अपाङ्ग तथा पिछडियको बर्ग संचलक भएको | १० | | यस समुहमा नपर्ने बर्गहरुले यस अंक प्राप्त गर्न सक्ने छैनन। |
| ५ | व्यवसायसंग सम्बन्धित तालिम प्राप्त गरेको | १० | | तालिम नलिएकाहरुले यस अंक प्राप्त गर्न सक्ने छैनन। |
| ६ | स्थलगत अनुगमनकर्तालाई उक्त व्यवसायको स्थलगत अनुगमन गर्दा उक्त व्यवसायको सम्भाव्यता कस्तो लाग्यो | २० | | अनुगमनकर्ताले स्थलगत अनुगमन तथा उक्त व्यवसाय उक्त ठाउमा संचालन गर्नु कति उपयूक्त छ र भावि दिनमा उक्त व्यवसाय उक्त स्थानमा संचालन गर्दा कत्तिको सम्भावना बोकेको छ हेरेर स्वबिबेक प्रयोग गरी उचित अंक प्रदान गर्न सक्ने । |
| | **कुल जम्मा** | १०० | | |

..................
डा. मनोज ओली
बरिष्ठ पशु चिकित्सक

*नोट: थप जानकारीका लागी पशु सेवा शाखाको फोन. ०८२-५२३१९९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।*